

# दोर्दी-१ जलविद्युत खबर

सुरुङ्ग भित्र सर्वेक्षण कार्य गरिदैं

भाद्र २०७५, अंक २१

## आयोजनाको हालको निर्माण अवस्था



Inlet Headrace Tunnel

दोर्दी–१ जलविद्युत आयोजनाको सुरुङ्ग निर्माण कार्य अन्तर्गत Inlet तर्फबाट २८९ मिटर सुरुङ्ग निर्माण कार्य सकिएको छ भने १२ श्रावण २०७५ देखि विस्फोट कार्य सुरु गरिएको Outlet तर्फबाट पनि ६१ मिटर सुरुङ्ग निर्माण भइसकेको छ । यसरी आयोजनाले हाल सम्म Inlet र Outlet तर्फबाट गरि ३५० मिटर सुरुङ्ग निर्माण गरिसकेको छ । साथै आश्विन मसान्त सम्ममा Inlet र Outlet दुवै तर्फबाट गरी सुरुङ्गको लम्बाई ४५० मिटर पुऱ्याउने आयोजनाले लक्ष्य लिएको छ।

आयोजनाको Civil Works अन्तर्गत Desander को उत्खनन् कार्य सकिए सँगै यसको डण्डी बाँध्ने तथा ढलानको कार्य पनि थालनी भइसकेको छ । त्यसैगरी Powerhouse को Civil Works अन्तर्गतको Detail Design को कार्य पनि सम्पन्न भइसकेको छ ।

आयोजनाको Hydromechanical कार्य अन्तर्गत Headworks को सम्पूर्ण Mechanical Components हरुको Detail Design को कार्य सम्पन्न भइसकेको छ ।

आयोजनाले Transmission Line को प्रारम्भिक वातवरणीय परीक्षण (IEE) कार्य अघि बढाउनका लागि Terms of Reference (ToR), उर्जा मन्त्रालयमा पेश गरी सकेको छ । आयोजनाको Transmission Line को बोलपत्र आह्वानका लागि आवश्यक सम्पूर्ण कागजातहरु तयार पारिएको छ । यसै आश्विन महिना भित्र बोलपत्र आह्वान गरि सक्ने लक्ष्य आयोजनाले राखेको छ ।



आयोजनाले Electromechanical कार्यका लागि आउदो आश्विन मसान्त सम्ममा ठेकेदार चयन गरी निर्माण कार्य अघि बढाउने लक्ष्य राखेको छ ।

आयोजनाले निर्माण क्षेत्रमा कामदारहरुको सुरक्षालाई ध्यान दिदैं सम्पूर्ण कामदारहरुलाई सुरक्षा सम्बन्धी विभिन्न तालिम पनि गराउदै आएको छ। यसरी कामदारहरुको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्दै निर्माण कार्य अगाडि बढाइएको छ । साथै आयोजनाको सम्पूर्ण निर्माणाधिन कार्य, कामदार र उपकरणहरुको बिमा गरी सुरक्षित गरिएको छ ।

यसै गरी बैंक तथा वित्तिय संस्थाहरुबाट पनि आयोजनालाई सकारात्मक प्रतिक्रियाहरु प्राप्त भइरहेको छ साथै उक्त संस्थाहरुद्धारा चौमासिक रुपमा गरिने भनिएको साइट अवलोकन मध्य पहिलो अवलोकन पनि गत आषाढ महिनामा सम्पन्न भइसकेको छ ।

आयोजनाले सरोकार समिति एवं आयोजना क्षेत्रका जनप्रतिनिधिहरु बीच समन्वय गर्दै विभिन्न सामाजिक उत्तरदायित्वका कार्यहरुलाई पनि अघि बढाउँदै आएको छ ।

भाद्र महिनामा भएको भारी बर्षाका कारण Headworks लगाएतका केहि निर्माण कार्यहरुमा केहि प्रभाव परे पनि सुरुङ्ग निमार्णको कार्य भने धमाधम अघि बढि रहेको छ । यसरी आयोजनाले निर्माण कार्यलाई निर्धारित लक्ष्य तर्फ उन्मुख गर्दै कार्य गतिमा तीव्रता दिइएको छ ।


Headwork Site Overview


Outlet Tunnel


Safety Training at site before work


सम्पादक:पार्वती पराजुली
दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर ,काठमाडौं
फोन न:९७७-१-४२३२७४८, ४२३२७४९,
ईमेल :info @dordikhola.com.np
वेबसाइट: www.dordikhola.com.np